
# गुठिचौर–१ का बस्तीमा सञ्चार न बत्ती



सागर परियार

जुम्ला- संघीयता कार्यान्वयनको आठ वर्ष बित्यो । सिंहदबारको अधिकार गाउँगाउँमा पुग्ने र संविधानमा व्यवस्था भएअनुसार शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चार, बिजुलीलगायतका सुविधाबाट कोही नागरिक वञ्चित हुनु नपर्ने संघीयताको मर्म हो । अझ जनतालाई नभई नहुने सञ्चार, बत्ती, खानेपानी, सडक पूर्वाधारलाई विशेष महत्व दिइने तीनै तहका सरकारको प्राथमिकतामा नपरेको पनि होइन ।

तर जुम्लाको गुठिचौर गाउँपालिका-१ का गाउँमा अहिलेसम्म सञ्चार र विद्युतको भरपर्दो विकास हुन सकेको छैन । गुठिचौर गाउँपालिका-१ का पाँचवटा बस्तीका स्थानीय बिजुलीविहीन भएका छन् । नापानीमा रहेको अदालीखोला लघुजलविद्युत आयोजनाको जेनेरेटर र ट्रान्समिटरमा समस्या आउँदा नागरिक बिजुलीविहीन भएका हुन् ।

वडा नं. १ मा पर्ने नापानी, गढिगाउँ, मणिसौंघु, डिल्ली कोट र मनि गाउँका ४८० घरधुरीका नागरिक अहिले अन्धकारमा बस्न वाध्य छन् । यद्यपि सरकारले लोडसेडिङ मुक्त देशको रटान लगाउन छोडेको छैन । ५५ किलोवाट क्षमताको विद्युत आयोजनाको जेनेरेटर र ट्रान्समिटरमा समस्या आउँदा पाँचवटा बस्तीका नागरिक अन्धकारमा बस्नु परेको स्थानीय अध्यक्ष परेक ऐडीले बताए ।

विद्युत बिग्रेको महिनौ दिन हुँदा पनि मर्मतका लागि कतैबाट पहल नभएको अन्धकारमा दैनिक कामकाज तथा बालबालिकाको पढाइ प्रभावित भएको उनको दुःखेसो छ । गाउँमा आयस्रोत हुनेले सोलार खरिद गरेर घरमा बत्ती बाले पनि आयस्रोत नहुने विपन्न नागरिक विद्युत बिग्रँदा सबैभन्दा बढी मारमा परेको स्थानीय गणेश ऐडीले बताए । विद्युतबाट उठेको आम्दानीले कर्मचारीलाई सुविधा दिने ठिक्क छ । मेसिन मर्मत गर्ने बजेट नहुँदा नागरिक बत्तीमुनिको अँध्यारोमा बस्न बाध्य भएका हुन् ।

जेनेरेटर मर्मत गर्न करिब सात लाखभन्दा बढी रकम लाग्ने देखिएको छ । वडाध्यक्ष अर्जुनकुमार महताराले लघु जलविद्युत निर्माणका लागि स्थानीय सरकारले तीन लाख विनियोजन गरेको बताए । साढे दुई लाख खर्च भइसकेको र नहर मर्मतका लागि १२ लाख रकम व्यवस्थापन गरिएको वडाध्यक्ष महताराले उल्लेख गरे ।

**सञ्चारविहीन नापानी गाउँ**

जुम्लाको गुठिचौर गाउँपालिका-१ नापानी गाउँका नागरिक सञ्चारविहीन बनेका छन् । सहर बजारमा फोरजी लगायतका सुविधा विस्तार भइसक्दा नापानी गाउँका नागरिक सञ्चारविहीन बनेका हुन् । गाउँमा नेटवर्कले काम नगर्दा करिब ८० घरपरिवारका नागरिक सञ्चारविहीन हुनुपरेको स्थानीय मानबहादुर ऐडीले गुनासो पोखे । उनका अनुसार फोन गर्नका लागि डाँडा र रुखमा चढ्नु पर्ने बाध्यता रहेको छ । सरकारले सञ्चारले जुम्लासहितका जिल्लालाई सञ्चारमा नमुना जिल्ला घोषणा गरेको छ । तर गाउँमा सञ्चारका समस्या भने ज्यूँका त्यूँ छन् । रुखमा नचढी, डाँडामा नगई फोन गर्न सकिँदैन । घरबाहि[र] रहेका आफन्तसँग सम्पर्कविहीन बन्न बाध्य छन् । गुठिचौर-१ डिल्लीकोटमा रहेको टावरले नापानी गाउँसम्म काम नगर्दा गढिगाउँबाट बसाईं सरेका तथा अस्थायी बसोबास गर्ने नागरिकलाई सास्ती भएको छ । बिरामी पर्दा होस् वा अरु महत्वपूर्ण कामका लागि फोन गर्नुपर्दा नापानी गाउँका नागरिक डाँडा र रुख चहार्नु पर्ने स्थिति छ ।

डाँडाडाँडामा टेलिकमका टावर निर्माण भए पनि सञ्चालनमा राज्य पक्षकै कमजोरीले पाँच बस्तीका नागरिक सञ्चारविहीन बनेका हुन् । गुठिचौर गाउँपालिका-१ का वडाध्यक्ष अर्जुनकुमार महताराले वडाका नागरिकले भोगेको सञ्चार असुविधालाई मध्यनजर गर्दै टावर मर्मतको पहल भइरहेको बताए ।

पुराना टावरले काम नगर्ने भएकाले चोत्रा र मणिगाउँको नेटिलेकमा नयाँ टावर निर्माण गरिने उनको भनाइ छ ।

# भरतपुर अस्पतालमा मुटु र जलन उपचार सुरु



काठमाडौं (कास)- चितवनको भरतपुर अस्पतालमा मुटु रोगको उपचार सुविधा सुरु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले क्याथ ल्याबको उद्घाटन गर्दै मुटु उपचार सेवा सुरुवात गरेका हुन् । मन्त्री पौडेलले क्यान्सरको विस्तारित उपचार, मानव अंग प्रत्यारोपणसँगै मुटु उपचार विस्तार गरेका हुन् ।

सेवा उद्घाटन गर्दै मन्त्री पौडेलले प्रदेशस्तरमै नागरिकले सेवा पाउन् भनेर विशिष्ट उपचार विस्तार गरिएको भन्दै भरतपुर अस्पतालमा स्थापित क्याथ ल्याबले नागरिकलाई सहज उपचार दिने विश्वास गरे । 'विशिष्ट उपचार क्रमैसँग प्रदेशमा विस्तार गर्ने योजना अघि बढेको छ,' उनले भने ।

अस्पतालमा निर्मित जलन वार्डको समेत मन्त्री पौडेलले उद्घाटन गरे । अब भरतपुर अस्पतालमा जलनका बिरामीको समेत उपचार हुने भएको छ । उनले विपन्नलाई जलन उपचार निःशुल्क बनाउँदै प्रदेशस्तरमा सेवा दिने घोषणा गरेका थिए । सोहीअनुसार आइतबार भेरी अस्पतालमा सेवा सुरु भएको छ भने सोमबार भरतपुरमा समेत वार्ड सुरुवात गरिएको हो ।

जलनका बिरामीको अस्पतालमा उपचार सहज हुने भएको छ । यसअघि गम्भीर जलनका बिरामीले काठमाडौं पुग्नुपर्ने बाध्यता थियो । अब भरतपुर तथा आसपासका पायक पर्ने ठाउँका बिरामीलाई त्यो समस्या हटेको छ । यससँगै संघ सरकारअन्तर्गतको भरतपुर अस्पतालमा सन्तानविहीनका लागि इनफर्टिलिटी क्लिनकसहितका आठ सेवा सुरु भएको छ । वैशाख महिनामा सेवा थाल्ने तालिकाअनुसार अस्पतालमा सेवा सुरुवात भएको अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. कृष्णप्रसाद पौडेलले जानकारी दिए ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०१/२३)

यस कम्पनीको मिति २०८१/११/२१ को एकल शेयरधनीको निर्णय बमोजिम कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न ब्यहोर्नपर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/१२/२१ को निर्णयबाट स्वीकृत भई यस कम्पनीको नाम **पेजच्याम्प नेपाल प्रा.लि.** (प्रा.लि. नं. १६७१६८) बाट परिवर्तन गरी **आउटसाईड स्टुडियो प्रा.लि.** कायम गरिएको व्यहोरा यही सूचनाद्वारा जानकारी गराईन्छ ।

## हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. २०११ पुष ०४

स्वर्गारोहण
वि.सं. २०८२ वैशाख ११

स्व. तितरी थारु

**यस एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि., परासी कार्यालयमा कार्यरत कर्मचारी श्री सियालाल चौधरी थारुको पुजनिय माता श्री तितरी थारुको देहावसान भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै, यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**एशियन लाईफ इन्स्योरेन्स क. लि. परिवार**

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कं. लि.

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८२/०१/२३ गते)

रिन्जी लामाको नाति, आङ टावा लामाको छोरा, आङ छोक्पा लामाको पति काठमाडौं जिल्ला, काठमाडौं न.पा वडा नं ०६ बस्ने दावा फिन्जो लामाको मिति २०८१/०८/३० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चावहिल शाखामा रहेको बचत खाता नं.२१२०१६६२४७८०००01 मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कल सबुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय चावहिल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड / Kumari Bank Limited
शाखा कार्यालय चावहिल फोन नं. ०१-४५७४२११

## INVITATION FOR QUOTATIONS

Bank is in process of finalizing its Banker's Blanket Insurance, Fixed Asset Insurance, Inventory Insurance and Vehicle Insurance for coming fiscal year 2082/83. Interested Insurance Companies are hereby invited to submit their quotations within 15 days from the date of this notice.

Submission of quotations to and further details on the coverage of insurance policies can be availed from the Kumari Bank Limited, General Administration Department, Tangal, Kathmandu.

कुमारी बैंक लिमिटेड / Kumari Bank Limited

Kumari Bank Limited, General Administration Department, Tangal, Kathmandu, Nepal
P.O. Box: 21128, Phone No.:977-1-4443079, 4443075
Email: gad@kumaribank.com, URL: www.kumaribank.com, SWIFT: KMBLNPKA

## हकदावीको सूचना

रामेछाप जिल्ला लिखु तामाकोशी गाउँपालिका वडा नं. ०२ बस्ने श्री ढक बहादुर महतको छोरा, श्रीमति मिठु महतको पती श्री सोम बहादुर महतको मिति २०३८/०२/१४ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको बचत खाता नं. ०३००५१२०२५००८५ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको पत्नि मिठुले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB | शाखा कार्यालय, लिखु रामेछाप
मोबाइल नं :- ९८४०००४१८४

## १५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति: २०८२/०१/२३)

यस बैंकका निक्षेपकर्ता स्याङ्जा जिल्ला पुतलीबजार न.पा वडा नं. ७ बस्ने नेत्र नारायण पोखेलको मिति २०८०/०७/०६ मा निधन भएको र निजको नाममा यस बैंक स्थित खातामा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी स्याङ्जा जिल्ला पुतलीबजार वडा नं. ७ बस्ने निज मृतक खातावालाको छोरा (नाता) पर्ने लोक नारायण पोखेलले सम्बन्धित कागजात समेत संलग्न राखी यस बैंक समक्ष निवेदन पेश गर्नु भएकोले निज खातावालाको निक्षेप उपर अरु कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय चिप्लेढुंगा वा केन्द्रीय कार्यालय नक्साल, काठमाडौंमा हकदावी गर्न आउनु होला । उल्लिखित समयावधी भित्र कसैको हकदावी पर्न नआएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम मृतक खातावालाको छोरा (नाता) पर्ने लोक नारायण पोखेलको माग अनुसार निक्षेप रकम भुक्तानी भई जाने र पछि कसैको हकदावी एवं उजुरी समेत नलाग्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Siddhartha Bank
Head Office: Naxal, Kathmandu, Nepal
P.O. Box: 13806, Ph: 01-5970720 / 5970020
SWIFT: SIDDNPKA
Email: customercare@sbl.com.np
Web: www.siddharthabank.com

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल वैशाख महिना २३ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय टाँडीबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउँदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| १. ऋणीको विवरण |
|---|
| लोक बहादुर मल्लको छोरी दोइन्द्र बहादुर पौडेलको बुहारी सागर पौडेलको पत्नी तनहुँ जिल्ला वैदी गा वि स वडा नं. ४ हाल, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ बस्ने **निरुता मल्ल ठकुरी** (ना.प्र.नं. : ४३-०१-७३-०६९५७ जारी मिति र जिल्ला २०७३/०८/२०, तनहुँ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) लक्ष्मण पौडेलको नातिनी दोइन्द्र बहादुर पौडेलको छोरी चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ८ हाल, वडा नं. २ बस्ने **समिक्षा पौडेल** (ना.प्र.नं. : ३५१०२०/७९१ जारी मिति र जिल्ला २०७०/०२/१०, चितवन) |
| २) हेमन्त पुन मगरको नातिनी रेम्व बहादुर पुन मगरको छोरी नवलपरासी जिल्ला विनय त्रिवेणी न.पा. वडा नं. १ हाल, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ बस्ने **अनिषा पुन मगर** (ना.प्र.नं. : ३६-०२-७५-०४५७८ जारी मिति र जिल्ला २०७५/०६/१९, नवलपरासी) |

| २. ऋणीको विवरण |
|---|
| नाम : **ग्ल्याम एण्ड ग्लो कस्मेटिक एण्ड ब्युटीपार्लर** व्यवसायीको नाम : रेखा विश्वकर्मा दर्ता नं. : २/ख ८७१ दर्ता गर्ने कार्यालय : रत्ननगर नगरपालिका कार्यालय दर्ता मिति : २०७६/११/२९ व्यवसाय रहेको स्थान : चितवन जिल्ला रत्ननगर वडा नं. २ स्थायी लेखा नं. :६१३२२२३५२ |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) भक्त बहादुर विश्वकर्माको नातिनी टेक बहादुर विश्वकर्माको छोरी चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ बस्ने **रेखा विश्वकर्मा** (ना.प्र.नं. : ३६-२-००५-१८४ जारी मिति र जिल्ला २०६४/०८/०५, चितवन) |
| २) भक्त बहादुर विश्वकर्माको बुहारी टेक बहादुर वि.कको पत्नी नवलपरासी जिल्ला गैडाकोट वडा नं. १ हाल, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ बस्ने **इन्दिरा विश्वकर्मा** (ना.प्र.नं. : ३००६६ जारी मिति र जिल्ला २०४६/०१/१३, नवलपरासी) |
| ३) नर बहादुर विश्वकर्माको छोरी कृष्ण विश्वकर्माको बुहारी गणेश विश्वकर्माको पत्नी नवलपरासी जिल्ला गैडाकोट वडा नं. १ हाल, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ बस्ने **मिना कुमारी विश्वकर्मा** (ना.प्र.नं. : ५२३८० जारी मिति र जिल्ला २०६३/०२/०८, नवलपरासी) |

| ३. ऋणीको विवरण |
|---|
| होरण्डे बहादुर कामीको नाति धन बहादुर विश्वकर्माको छोरा चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १० हाल, वडा न. ११ बस्ने **दिनेश विश्वकर्मा** (ना.प्र.न : ३५१०२०/३७२ जारी मिति र जिल्ला २०६७/०४/१८, चितवन) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) साने सुनारको छोरी धन बहादुर विश्वकर्माको बुहारी दिनेश विश्वकर्माको पत्नी चितवन जिल्ला रत्ननगर न.पा वडा नं. ११ बस्ने **रिता सुनार** (ना.प्र.न : ३५-०१-७७-०५६२२ जारी मिति र जिल्ला २०७७/०९/२०, चितवन) |
| २) विर बहादुर कामीको नाति होरण्डे बहादुर कामीको छोरा चितवन जिल्ला पंचकन्या वडा नं. ७ हाल, रत्ननगर न.पा. वडा न. ११ बस्ने **धन बहादुर विश्वकर्मा** (ना.प्र.नं. : १०७४/०४६/४७ जारी मिति र जिल्ला २०४६/०९/०९, चितवन) |
| ३) गोकुल बहादुर सुनारको छोरी होरण्डे बहादुर कामीको बुहारी धन बहादुर विश्वकर्माको पत्नी चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १० हाल, वडा नं. ११ बस्ने **तिल कुमारी विश्वकर्मा** (ना.प्र.नं. : ३५१०२०/७१९ जारी मिति र जिल्ला २०६७/०६/२१, चितवन) |

| ४. ऋणीको विवरण |
|---|
| टेक बहादुर गुरुङको छोरी जगत नारायण श्रेष्ठको बुहारी सुजन कुमार श्रेष्ठको पत्नी चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १ बस्ने **पवित्रा श्रेष्ठ** (ना.प्र.न ९११७/०६२ जारी मिति र जिल्ला २०६२/१०/०६, चितवन) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) सन्त नारायण श्रेष्ठको नाति जगत नारायण श्रेष्ठको छोरा चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १ बस्ने **सुजन कुमार श्रेष्ठ** (ना.प्र.नं. : ३५२८६३/०४४ जारी मिति र जिल्ला २०५७/१०/२५, चितवन) |
| २) जगत नारायण श्रेष्ठको नाति राज कुमार श्रेष्ठको छोरा चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १ बस्ने **रोमश श्रेष्ठ** (ना.प्र.नं. : ३५-०१-७३-१२३९९ जारी मिति र जिल्ला २०७३/१२/०४, चितवन) |

| ५. ऋणीको विवरण |
|---|
| वकिल ब. आलेको छोरी प्रेम बहादुर मगरको बुहारी ठाकुर पुलामीको पत्नी धादिङ जिल्ला मैदी वडा न. ९ हाल, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ बस्ने **सुकमाया मगर** (ना.प्र.नं : २६३०२३/७८ जारी मिति र जिल्ला २०६३/११/११, धादिङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) प्रेम बहादुर मगरको नाति ठाकुर मगरको छोरा धादिङ जिल्ला ज्वालामुखी वडा नं.१ हाल, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ बस्ने **कृष थापा मगर** (ना.प्र.नं. : २६-०१-७९-०९०३३ जारी मिति र जिल्ला २०७९/१०/०५, धादिङ) |
| २) कृष्ण बहादुर कुमालको छोरी प्रेम बहादुर मगरको बुहारी सौगात पुलामी मगरको पत्नी धादिङ जिल्ला ज्वालामुखी वडा नं. १ हाल, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. २ बस्ने **सेती पुलामी मगर**(ना.प्र.नं. : २६-०१-७५-०२७२७ जारी मिति र जिल्ला २०७५/०३/०७, धादिङ) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## नबिल बैंक लिमिटेड, चन्द्रपुर शाखा, रौतहट तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०१/२३)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने ब्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने ब्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

| तपसिल |
|---|
| **ऋणीको नाम र ठेगानाको विवरण** |
| पंचण राउतको नाती, जंगी राउत कुर्मीको छोरा रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ०८ बस्ने नां.प्र.नं. १६१ (जारी मिति: २०६०/०४/२२ स्थान: रौतहट) भएको **रामजोधी राउत** । |
| **व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| किसुन राउतकी छोरी, जंगी राउत कुर्मीकी बुहारी, रामजोधी राउतकी श्रीमती रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ०५ बस्ने नां.प्र.नं. ३२२०९७-१५९८ (जारी मिति: २०६४/०१/०९ स्थान: रौतहट) भएकी **सुजान्ती देवी** । |
| **धितोको विवरण** |
| रौतहट जिल्ला, विश्रामपुर गा.बि.स. वडा नं. ०८ बस्ने **रामजोधी राउत**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ८ नक्सा सीट नं. ८ मा अवस्थित कि नं. १५८१ र १३१५ क्षेत्रफल ०-४-०-० र ०-०-९.५-० विघा घर जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत । |

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

Aadar आदर मल्टी-इन्भेष्टमेण्ट कम्पनी लि.
Multi-Investment Co. Ltd.
का.म.न.पा. ३२, नयाँ सडक, काठमाण्डौ, फोन: ०१-५३४४३६७, ९८४१०६८७४७
इमेल : E-mail: aadarmic@gmail.com

## हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

यस आदर मल्टी इन्भेष्टमेण्ट कम्पनी लिमिटेडको छैठौं वार्षिक साधारण सभाबाट कम्पनीको संस्थापक शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको २० प्रतिशत (प्रत्येक ५ शेयर बराबर १ हकप्रद शेयर (५:१)) निष्काशन गर्ने निर्णय भएकोले प्रति शेयर रु.१००/- अंकित दरका २५,००,००० थान हकप्रद शेयर मिति २०८२/०२/०९ देखि मिति २०८२/०३/१२ गतेसम्मको लागि बिक्री खुला गर्ने सन्चालक समितिको मितिको २०८२/०१/०८ गतेको बैठकबाट निर्णय भएको सबैलाई जानकारी गराईन्छ । उक्त हकप्रद शेयर बराबरको रकम सम्बन्धित शेयरधनीको नामबाट यस कम्पनीको सानिमा बैंक लिमिटेडको उल्लेखित खाता नं. मा जम्मा गरि सोको भौचर कम्पनीको लेखा शाखामा बुझाउनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **बैंक खाताको नाम** | : आदर मल्टी इन्भेष्टमेण्ट कम्पनी लिमिटेड |
| **बैंक** | : सानिमा बैंक लिमिटेड, नयाँ सडक काठमाण्डौ |
| **खाता नं.** | : ००३०१००१००००८५५ |